।।श्री।।

# उच्च अदालत विराटनगर

## धनकुटा इजलास

## प्रशासन शाखा

पत्र संख्या :- ०७६/७७ मिति :- २०७७/०२/२९

चलानी नं. :-

**सूचना सूचना सूचना**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (Covid -19) ले देश संक्रमणमा परेको अवस्था र बन्दाबन्दी (Lock down) को अवस्थामा पनि सम्मानित सर्वोच्च अदालतको परिपत्र बमोजिम बन्दीप्रत्यक्षीकरण लगायतको न्यायिक क्रियाकलापहरु संचालन भै आएकोमा बन्दाबन्दीको समयमा मिति २०७७/२/३२ गते आइतवार देखि देहाय बमोजिमका काम कारवाहीहरु सुचारु गर्ने भन्ने यस अदालतको मिति २०७७/२/२८ को पुर्ण बैठक तथा मिति २०७७/२/२९ को बार, बेञ्च र सरकारी वकीलको संयुक्त बैठकबाट समेत निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमको निवेदनको सुनुवाई गर्ने।

२. मुद्दा फिर्ता लिने सम्बन्धी कार्य गर्ने।

३. मिलापत्र सम्बन्धी कार्य गर्ने।

४. तामेली सम्बन्धी कार्य गर्ने।

५. निवेदकले तारेख गुजारी अन्तिम भएका रिट निवेदनहरुको सुनुवाई गर्ने।

६. नेपाल सरकार पुनरावेदक भएका प्रत्यर्थी नझिकाइएका मुद्दाहरु सुनुवाई गर्ने।

७. फैसला लगायतका अन्य कागजातहरुको प्रतिलिपि सरोकारवालाले माग गरेमा दिने।

..........................

(शम्भुप्रसाद बराल)

रजिष्टार